आज मिति २०८२।०१।२३ गते मंगलबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षतामा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८१।८२ को दशौँ बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता |
| २० | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | युवराज थापा | वरिष्ठ प्रशासकीय अधिकृत, बेनी न.पा. | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

Scanned with CamScanner

**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

# आर्थिक वर्ष २०८१।८२ को दशौँ कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८२।०१।२३ गते)*

१. बेनी नगरपालिका, वडा नं. २ स्थित लम्भिलिहिलमा पर्यटन प्रवर्द्धनका लागि म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दी र बेनी नगरपालिकाको साझेदारीमा साहसिक पिङ निर्माणका लागि लागत अनुमान तयार भई पूर्व तयारीका कार्यहरु हुँदै गर्दा उक्त लागत अनुमान बमोजिमको साहसिक पिङ अधिक सानो हुने देखिएकोले सच्याई तयार गरिएको नयाँ डिजाइन र लागत अनुमान स्वीकृत गर्ने । साथै बेनी नगरपालिका, म्याग्दी उद्योग वाणिज्य संघ र वन उपभोक्ता समिति बीच त्रिपक्षीय समझदारी गरी निर्माण र सञ्चालन मोडालिटी तय गर्ने ।

२. बेनी नगरपालिकाको क्षेत्रधिकार भित्र सञ्चालनमा रहेका व्यवसायहरुबाट व्यवसाय कर लिने कार्यलाई व्यवस्थित गर्नका लागि व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८२ तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न तपसिल बमोजिमको समिति गठन गरी जिम्मेवारी दिने ।

**तपसिल:**

| | |
|---|---|
| १. श्री उत्तम कुमार कर्माचार्य, अध्यक्ष, बेनी नगरपालिका-८ | - संयोजक |
| २. श्री याम थापा मगर, राजस्व शाखा प्रमुख, बेनी नगरपालिका | - सदस्य |
| ३. श्री कुशल ढुङ्गाना, आ.ले.प., बेनी नगरपालिका | - सदस्य |

३. बेनी नगर कार्यपालिकाको मिति २०८१।०६।१६ गतेको बैठकको निर्णयानुसार पर्यटन काज सम्बन्धी कार्यविधि निर्माण गर्न गठन भएको समितिले तयार गरी पेश गरेको "बेनी नगरपालिकाका कर्मचारीहरुका लागि आन्तरिक पर्यटन भ्रमण काज सम्बन्धी कार्यविधि, २०८२" लाई संशोधन सहित स्वीकृत गर्ने ।

४. बेनी नगरपालिकाको समुदायमा आधारित सर्भिलेन्स कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ निर्माण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न बेनी नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखालाई जिम्मेवारी दिने ।

५. बेनी नगरपालिकाको "मेयरसँग सामाजिक विकास कार्यक्रम" तथा "युवा/विद्यार्थीसँग मेयर कार्यक्रम" लाई व्यवस्थित गर्नका लागि कार्यविधिहरु बनाई आगामी कार्यपालिका बैठकमा पेस गर्नका लागि तपसिल बमोजिमको समिति गठन गरी जिम्मेवारी दिने ।

**तपसिल:**

| | |
|---|---|
| १. श्री कमल प्रसाद ढकाल, शिक्षा अधिकृत, बेनी नगरपालिका | - संयोजक |
| २. श्री कुशल ढुङ्गाना, आ.ले.प. अधिकृत, बेनी नगरपालिका | - सदस्य |
| ३. श्री गीता नेपाल, प्राविधिक सहायक, बेनी नगरपालिका | - सदस्य |

६. बेनी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ बमोजिम देहायका समितिहरु गठन ग...

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

अ) अनुगमन समिति (ऐ. कार्यविधिको दफा १२ बमोजिम)

क) श्री ज्योती लामिछाने, उपप्रमुख, बेनी नगरपालिका - संयोजक

ख) श्री अण बहादुर खड्का, संयोजक, वातावरण तथा विपद व्यवस्थापन समिति, बेनपा- सदस्य

ग) श्री अर्जुन प्रसाद सुवेदी, योजना अधिकृत, बेनी नगरपालिका - सदस्य

घ) श्री ...................., वातावरण निरीक्षक - सदस्य

ङ) श्री युवराज थापा, प्रमुख, वातावरण तथा विपद् व्यवस्थापन शाखा - सदस्य सचिव

आ) प्राविधिक समिति (ऐ. कार्यविधिको दफा १४ बमोजिम)

क) श्री अर्जुन प्रसाद सुवेदी, प्रमुख, योजना शाखा - संयोजक

ख) श्री ......................, विषय विज्ञ - सदस्य

ग) श्री युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत, बेनी नगरपालिका - सदस्य

७. बेनी नगर कार्यपालिकाको कार्यालय मातहतको पञ्जिकरण इकाईका अनुसार बेनी नगरपालिकामा चालु आर्थिक वर्षको असार मसान्त सम्म सामाजिक सुरक्षाका लागि अपुग हुन जाने रकम १ करोड १२ लाख रुपैयाँ तालुक निकायमा माग गर्ने ।

८. बेनी नगरपालिकामा यस आर्थिक वर्षमा निर्माणाधिन अर्थुङ्गे – पुलाचौर सडक स्तरोन्नती तथा निर्माण योजनाको निर्माण कम्पनी "सक्षम ब्रोद्रस प्रा.ली., बेनी-६" को मिति २०८१।१२।२८ गतेको पत्रानुसार उक्त योजनाको सब बेस तथा पिचको काम गर्न बाँकी रहेकोले म्याद थप गर्न अनुरोध भएको र उक्त योजनाको म्याद २०८२।०१।१२ गते पश्चात् समाप्त भएकोले समाप्त भएकै मिति देखि लागू हुने गरी २०८२ असार १५ सम्म म्याद थप गर्ने ।

९. आर्थिक वर्ष २०८१।८२ मा संघीय सरकारको विज्ञान विषय प्रवर्द्धन कार्यक्रममा बेनी नगरपालिका मातहतको प्रकाश मा.वि., बेनी-७ छनौट भएको र उक्त कार्यक्रम कार्यान्वयनका लागि उक्त विद्यालयले तयार गरेको विद्यालय विकास प्रस्ताव (School Development Proposal) सम्बन्धित स्थानीय तहबाट स्वीकृत गर्नुपर्ने प्रावधान रहेकोले उक्त विद्यालयको विद्यालय विकास प्रस्ताव स्वीकृत गर्ने ।

१०. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा बेनी नगरपालिकाका तर्फबाट खेलाडिका रुपमा खटिएका बेनी नगरपालिकाको मातहतको बेनी सामुदायिक विद्यालय, बेनी न.पा.-७ मा अध्ययनरत कृष्ण के.सी. घाइते भई उपचार गर्दा लागेको खर्च रु ७५,००० (अक्षरुपी पचहत्तर हजार रुपैयाँ) चालु आ.व.को "मेयरसँग सामाजिक विकास कार्यक्रम" बाट व्ययभार हुने गरी उपलब्ध गराउने ।

११. बेनी नगर कार्यपालिकाको कार्यालय मातहतको कार्यक्रम तथा योजना अनुगमन तथा सुपरीवेक्षण समेतका कार्य गर्नका लागि एक वटा दुई पाङ्ग्रे सवारी साधन खरिद गर्न आवश्यक देखिएकोले चालु आ.व.को कन्टेन्जेन्सी रकमबाट भुक्तानी गर्ने गरी खरिदका लागि आवश्यक प्रक्रिया बढाउने ।

१२. बेनी नगरपालिका, वडा नं. २, ज्यामरुककोट स्थित गोबर्द्धन गौशालाको पूर्वाधार निर्माणका लागि आगामी आर्थिक वर्षमा दश लाख रुपैयाँ बराबरको योजना उपलब्ध गराउने गरी व्यवस्था मिलाउने ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७२

सुरत के.सी.
नगर प्रमुख

Scanned with CamScanner

१३.बेनी नगरपालिकाको चालु आर्थिक वर्षको कार्यक्रम तथा बजेट अन्तर्गत पशु सेवा तर्फ "उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम दुध/भैंसी" तथा "उत्पादनमा आधारित बाख्रापालकलाई प्रोत्साहन (पाठापाठी उत्पादन बापत्)" शिर्षकमा बिनियोजित रकमबाट बेनी नगर क्षेत्रका कृषकहरुलाई अनुदान उपलब्ध गराउन "बेनी नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" बमोजिम आवेदन पेश गर्न सूचना प्रकाशन गरिएकोमा सूचना बमोजिम आवेदन पेश भए पश्चात् बेनी नगर कार्यपालिकाको कार्यालय मातहतको पशु सेवा शाखाका प्राविधिकहरु कृषकहरुको बाख्रा/भैंसी गोठमा पुगी तयार गरेको अनुगमन प्रतिवेदन तथा ऐ. कार्यविधिमा भएको व्यवस्थाका आधारमा उक्त कृषकहरुलाई अनुसूची १ बमोजिम अनुदान रकम उपलब्ध गराउने।

१४.आर्थिक सहयोगका लागि निवेदन पेस गरेका बेनी नगर क्षेत्र भित्रका तपसिलका संस्था/योजनाहरुलाई बेनी नगरपालिकाको चालु आर्थिक वर्षको बजेट अन्तर्गत "मेयरसँग सामाजिक विकास कार्यक्रम" शिर्षकमा बिनियोजित रकमबाट व्ययभार हुने गरी देहायको रकम उपलब्ध गराउने।

**तपसिल:**

| क्र.सं. | संस्था/योजनाको नाम, ठेगाना | सहयोग रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | डाँडाबारी पिपलबोट पोखरी घेराबार, बेनी न.पा.-९ | १७,५०० (सत्र हजार पाँच सय) | प्राविधिक लागत अनुमान अनुसार हुने गरी |
| २ | खरेनी खेल मैदान निर्माण, बेनी न.पा.-६ | ३५,००० (पैतिस हजार) | |
| ३ | सेतोढुङ्गा स्वास्थ्य केन्द्र घेराबार, बेनी न.पा.-५ | ३५,००० (पैतिस हजार) | |
| ४ | कोठेसाँघु सिचाई पोखरी निर्माण योजना, बेनी न.पा.-६ | २०,००० (बिस हजार) | |
| ५ | खबरा खानेपानी उपभोक्ता समिति, बेनी न.पा.-२ | ५०,००० (पचास हजार) | |
| ६ | तातोपानी टोल विकास संस्था, बेनी न.पा.-४ | ३०,००० (तीस हजार) | |
| ७ | अर्थुङ्गे दिदीबहिनी समूह, बेनी न.पा.-६ | २०,००० (बिस हजार) | |
| ८ | सयपत्री आमा समूह, बेनी न.पा.-६ | १०.००० (दश हजार) | |
| ९ | बालमन्दिर आ.वि., बेनी न.पा.-४, डाँडाखेत | २०,००० (बिस हजार) | |
| १० | माझखर्क आमा समूह, बेनी न.पा.-४ | २०,००० (बिस हजार) | |

१५.बेनी नगरपालिकाका तपसिलका जनप्रतिनिधिहरु मिति २०८२।०१।२५ गते देखि वैदेशिक भ्रमणमा जान लागेकोले निज जनप्रतिनिधिहरुको भ्रमण बापतको खर्च बेनी नगरपालिकाबाट व्ययभार नहुने गरी वैदेशिक भ्रमण स्वीकृत गर्ने।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७२

सुरत के.सी.
नगर प्रमुख

**तपसिल:**

क) श्री याम बहादुर कार्की, वडा अध्यक्ष, बेनी नगरपालिका-२

ख) श्री अण बहादुर खडका, वडा अध्यक्ष, बेनी नगरपालिका-४

ग) श्री कृष्ण बहादुर बानियाँ, वडा अध्यक्ष, बेनी नगरपालिका-६

घ) श्री चक्र बहादुर बानियाँ, वडा अध्यक्ष, बेनी नगरपालिका-९

ङ) श्री मस्बिर रोका, वडा अध्यक्ष, बेनी नगरपालिका-१०

१६. नेपाल सरकार र बेनी नगरपालिकाको साझेदारीमा चालु आर्थिक वर्षमा सञ्चालनमा रहेको बेनी – पाखापानी सडक ठेक्का व्यवस्थापनबाट न्यून कबोल भएको बचत रकम मध्ये बेनी नगरपालिका तर्फ (समपुरक कोषमा) बचत हुन आएको रकमबाट खर्च हुने गरी यस कार्यालयबाट अगाडि बढाइएको "नेप्टेचौर – गिठिनी – ठूलोखोला - पात्लेखेत सडक खण्ड निर्माण तथा स्तरोन्नती" योजनाको ठेक्का प्रक्रिया अनुमोदन गर्ने।

१७. म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दीको मिति २०८१।०८।०३ गतेको पत्रानुसार मिति २०८१।०५।३१ गतेका दिन म्याग्दी उद्योग वाणिज्य संघको संयोजकत्व तथा बेनी नगरपालिकाको सहयोगमा सम्पन्न भएको जगतगुरु हिमालयन बाबाको स्वागत तथा सम्मान कार्यक्रम को खर्च बापतको रकम भुक्तानीका लागि अनुरोध भएकोले बेनी नगरपालिकाको चालु आ.व.को विविध कार्यक्रम शिर्षकबाट व्ययभार हुने गरी रु ५०,००० (अक्षरुपी पचास हजार रुपैयाँ) उपलब्ध गराउने।

१८. बेनी नगर कार्यपालिकाको मिति २०८१।११।०६ गतेको निर्णयानुसार बेनी नगरपालिका तथा नगर कार्यपालिकालाई विपक्षी बनाई अदालत तथा विभिन्न न्यायिक निकायहरुमा दायर भएका उजुरी/रिट निवेदनहरुका सम्बन्धमा बेनी नगरपालिका तथा बेनी नगर कार्यपालिका कार्यालयको तर्फबाट लिखित जवाफ तयार गरी प्रतिरक्षा समेत गर्नका लागि बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर सातौँ तहका न्यायिक सहजकर्ता श्री केशव शर्मालाई प्रतिनिधि तोकिएकोमा निज कार्यालयमा अनुपस्थित हुँदा निजलाई दिइएका उक्त जिम्मेवारी/कार्यहरु सम्पादनमा असर पुग्न जाने देखिएकोले निजको अनुपस्थितिमा यस कार्यालयका सहायक प्रशासकीय अधिकृत लक्ष्मण पौडेललाई प्रतिनिधि खटाउने।

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७२

सुरत के.सी.
नगर प्रमुख

Scanned with CamScanner